# ठाकुरबाबा नगरपालिकाको नगर सभाको सत्रौं अधिवेशनको दोस्रो बैठकमा नगर सभाका उपाध्यक्ष श्री विना कुमारी भट्टराईले प्रस्तुत गर्नुभएको

## आर्थिक वर्ष २०८२।०८३ को बजेट वक्तव्य

ठाकुरबाबा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

लुम्बिनी प्रदेश नेपाल

**अध्यक्ष महोदय,**

यस गरिमामय नगरसभाका अध्यक्ष एवम् ठाकुरबाबा नगरपालिकाका प्रमुखज्यू, नगरसभाका सचिवज्यू, नगरसभाका सदस्यज्यूहरु, कर्मचारीहरु, पत्रकारज्यू सम्पूर्ण नगरवासी तथा स्वदेश तथा विदेशबाट यस कार्यक्रममा प्रत्यक्ष प्रसारणमार्फत जोडिनु भएका सम्पूर्ण शुभेच्छुक महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कमर्यक्रम प्रस्तुत गरिरहँदा मुलुुकको आमूल परिवर्तनका लागि भएका विभिन्न आन्दोलन र संघर्षहरुमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने शहीदहरुलाई उच्च सम्मान तथा हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहान्छु तथा घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु ।

आज हामी ठाकुरबाबा नगरपालिकाको १७ औं अगरसभाको दोश्रो बैठकमा उपस्थित भएका छौं । यस बैठकमा आगामी आर्थिक वर्ष ०८२।०८३ को बजेट, आर्थिक विधेयक, विनियोजन विधेयक पेश गरी छलफल गर्ने क्रममा छौं । ठाकुरबाबाको मुहार परिवर्तन गर्न संघियताको मूल मर्म वमोजिम संघ, प्रदेश विभिन्न सरोकारवाला निकायबिच परस्पर सहयोग, सहकार्य र समन्वयमा कामहरु अगाडि बढाइरहेका छौं र आगामी दिनमा पनि ठाकुरबाबाको विकासका लागि निरन्तर रुपमा लागिरहने छौं।

**सभाध्यक्ष ज्यू**

ठाकुरबाबा नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, प्रचलित कानुन , नगर सभामा प्रस्तुत भएको आर्थिक वर्ष ०८२। ०८३ को नीति कायक्रम , संघ, प्रदेश सरकारले अवलम्बन गरेका नीति , कार्यक्रम , बजेटलाई आधार मानि तयार गरिएको छ । बजेट तर्जुमाका सिलसिलामा स्थानीय राजश्व परामर्श समिति, अन्य विषयगत समितिहरु, विभिन्न सञ्जाल, समिति तथा विद्धत बर्ग, नागरिक समुदाय लगायत सवैबाट प्राप्त सुझावलाई आधार मानिएको छ ।

नेपालको संविधान जारी भए पश्चात राज्यको शासकीय संरचना ३ को सरकारबाट संरचित छ । स्थानीय सरकार जनताको सवैभन्दा नजिकको सरकार हो । स्थानीय सरकारको रुपमा ठाकुरबाबा नगरपालिकाले व्यवस्थापकीय, कार्यकारी र न्यायिक अधिकारको प्रयोग गर्दै आइरहेको छ । यस सम्मानित नगरसभामा बजेट तथा कार्यक्रम, आर्थिक विधिक, विनियोजन विधेयक पेश हुने भएकाले उक्त विधेयकहरुमा आम्दानी तथा खर्चका विस्तृत प्रस्तावहरु पेश हुनेछन् ।

**सभाध्यक्षज्यू**

अव म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष ०८२। ०८३ को बजेट प्रसतुुत गर्नुपूर्व चालु आवको बजेट कार्यान्वयन र केहि महत्वपूर्ण उपलब्धिका विषयमा केहि वस्तुगत अवस्थाको तथ्यांक प्रस्तुत गर्न चाहान्छु ।

सर्वप्रथम म ठाकुरबाबा नगरपालिका संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा देशकै उत्कृष्ट नगरपालिकाको रुपमा सम्मानित भएकोमा सवैलाई हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दछु।

यसैगरी ऊर्जा प्रभावकारी भवन निर्माणमा नीतिगत व्यवस्था गरेका कारण सम्मानित भएका छौं । साथै यसै वर्ष ७५ वटा उर्जा प्रभावकारी सुरक्षित आवास निर्माण गर्न सफल भएका छौं ।

भर्खरै सम्पन्न बर्दिया जिल्ला स्तरिय राष्ट्रपति रनिंग शिल्ड प्रतियोगितामा १९ स्वर्ण सहित ठाकुरबाबा नगरपालिका प्रथम भएकोमा सबैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

मुलुकको समग्र अर्थतन्त्रका समस्या एवम् चुनौतिको परिस्थितिलाई आत्मबोध गर्दै नगरपालिका भित्रको आर्थिक, सामाजिक र पूर्वाधार क्षेत्रको क्रियाकलापलाई गुणस्तरीय र सुशासनयुक्त बनाई नागरिकको मुहारमा खुशी ल्याउन हामीले चुनावका बखत प्रस्तुत गरिएका घोषणा–पत्रहरु समेतलाई आधार मानी आगामी आर्थिक वर्षको बजेट निर्देशित गरेको छु । साथै नेपालको संविधान, प्रचलित कानून, दिगो बिकासका लक्ष्य, नगरसभाबाट पारित आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम एवम् संघ र प्रदेश सरकारले अवलम्बन गरे गरेका नीति, कार्यक्रम तथा बजेट समेतलाई आधार मानी  बजेट तयार गरेको छु ।

स्थानीय सरकारको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपाल सरकारद्वारा स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन, दीगो विकासका लक्ष्यहरू, नेपाल सरकारको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट वक्तव्य, पन्धौं योजना, लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट वक्तव्य, प्रदेशको प्रथम आवधिक योजना, यस नगरपालिकाको आवधिक योजना, तथा १० वर्षे शैक्षिक विकास योजना, गरिमामय १७ औं नगरसभाबाट पारित आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र विभिन्न सरोकारवालाहरुबाट प्राप्त राय, सल्लाह र सुझाव समेतलाई आधार बनाएको छु ।

**सभाध्यक्ष ज्यू तथा नगरसभा सदस्यज्यूहरु,**

**अब म नगरको चालु आर्थिक वर्षको बजेट कार्यान्वयन र आर्थिक स्थितिका बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु ।**

नगरपालिकाको कार्य सञ्चालनमा आवश्यक पर्ने थप कानून, नीति, कार्यविधिहरु तयार भइसकेको, योजनावद्ध कार्यक्रम कार्यान्वयन गर्ने परिपाटीको विकास भइसकेको र २ बर्षको अनुभवले पूर्ण सक्षमताका साथ बजेट कार्यान्वयन गर्न सक्ने सीप, क्षमता र तत्परता समेत प्राप्त भएकोले नतिजा देखिने गरी कार्य सम्पादन गर्न सक्ने  अवस्थामा पुगेका छौं ।

श्रावण महिनामा नै आवधिक योजना तथा गरिमामय नगरसभावाट स्वीकृत आ।व। २०८२/०८३ नीति तथा कार्यक्रम र हामीले परिकल्पना गरेको समुन्नत ठाकुरबाबाः सवल नगरवासी को ध्येयलाई मुर्त रुप दिने गरी ऐन, नीति, नियममावली कार्यविधिको निर्माण गर्ने वा संशोधन गर्ने तथा नयाँ ठेक्का गर्नुपर्ने कार्यलाई श्रावण भित्र गर्ने र वडा तथा शाखागत कार्ययोजना समेत श्रावणमा नै सम्पन्न गरी साझेदार संस्थाहरुको कार्यक्रमलाई समावेश गरी एकिकृत कार्ययोजना बनाई सो आधारमा पूर्ण क्षमताका साथ कार्यक्रम तथा योजनाहरुलाई कार्यान्वयन गरिनेछ ।

निशुल्क प्राप्त हुने औषधि, मर्मत संभार गनुपर्ने भौतिक संरचनाहरु, स्वास्थ्य बिमा तथा पशु र वालिबिमा शिक्षा र स्वास्थ्य सेवा प्रवाह जस्ता नागरिकको प्रत्यक्ष जीवनसँग जोडिएका संवेदनशिल क्षेत्रमा अभाव

र कमजोरी हुन नदिन सबै प्रकारका संयन्त्रहरु प्रिचालन गरिनुका साथै यी क्षेत्रमा कार्यनीति र जिम्मेवारी तोकि कार्यकुशलताको आधारमा पुरस्कार र दण्ड तथा क्षतिपुर्ति समेत गर्ने गरी प्रभावकारी कार्यान्वयन गरिने छ ।

पहिलो बर्ष सिकाईको बर्ष, अन्तिम बर्ष चुनावी बर्ष भएकाले यो बर्षलाई नीतिगत, कार्यनीतिगत, कार्यान्वयन सबै पक्षबाट सबै योजना तथा कार्यक्रमलाई नतिजामुखि र परिणाममुखी बनाउन सबै पक्षसँग समन्वय, सहकार्य र साझेदारी गरी धेरै विकासका आयोजनाहरु अगाडि बढाइएकोछ तर कार्यान्वयनमा अझै पनि चुनौति बाधा देखिएकाले सबै बाधा र अवरोधलाई दृढताका साथ सामना गर्दै कठोर निर्णय र सुन्य सहनसिलताका साथ कार्य अघि बढाईने छ ।

हाल देखिएको आर्थिक संकटका कारण बजेट कटौति तथा निर्माण ब्यबसायीबाट समयमा कार्य सम्पादन हुन नसकि थपिएका आर्थिक दायीत्वलाई परिपुरण गर्न खरिद ऐन र नियमावलीलाई कडाईका साथ कार्यान्वयन गरिनुका साथै समयसिमा भित्र योजना पुरा गर्नै पर्ने नीतगत ब्यवस्था कडाईका साथ कार्यान्वयन गरिने छ

चालु आर्थिक वर्ष २०८१।०८२ को जेष्ठ मसान्त सम्ममा नगरपालिकाको कुल संशोधित बजेट विनियोजन रु। ८७ करोड ९० लाख ४०।हजार ५ सय ४४ रुपैयाँ मध्ये चालु तर्फः रु ५३ करोड ३९ लाख ४१ हजार ९ सय ४ रुपैयाँ विनियोजन भई खर्च रकम रु ३५ करोड ५४ लाख ३१ हजार १ सय ५१ अर्थात कुल बजेटको ६६ प्रतिशत खर्च भएको छ भने पुँजीगत तर्फ रु ३४ करोड ५० लाख ९८ हजार ६ सय ४० बिनियोजन भएकोमा खर्च रकम रु १४ करोड ३१ लाख ५२ हजार ४ सय २४ अर्थात कुल बजेटको ४२ प्रतिशत खर्च भएको छ । जुन गत आर्थिक वर्षको सोही अवधिको भन्दा चालु तर्फ करिव ४ प्रतिशत खर्च कम र पुँजीगत तर्फ करिव ७ प्रतिशत खर्च वृद्धि भएको छ । तर ज्येष्ठ मसान्तसम्म कुल वास्तविक आय रु ७५ करोड १८ लाख ८८ हजार २० रहेको छ । जुन गत आर्थिक बर्पको सोही अवधिको भन्दा करिव ४ प्रतिशतले बढि हो।

यसरी प्रस्तावित आय भन्दा बास्तविक आयमा केही सुधार देखिएता पनि संघीय, प्रदेश समानिकरण अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने अनुमानित रकम र प्राप्त रकम बिचको खाडल बढ्दै चुनौतिपूर्ण आर्थिक दायीत्वको चापबाट नगरपालिका गुज्रीएको अवस्था रहेको छ ।

आर्थिक वर्ष ०८१/०८२ को लागि ८७ करोड ८८ लाख ५० हजार ५ सय ३२ रुपैया प्रस्तावित गरिएकोमा जेष्ठ मसान्त सम्ममा ८७ करोड ९० लाख ४० हजार ५ सय ४४ को संसोधित बार्षिक बजेट मध्ये आय तर्फ रु ७५ करोड १८ लाख ८८ हजार र व्यय तर्फ रु ४९ करोड ८५ लाख ८३ हजार ५ सय ७५ समेत अनुमोदनका लागि यस गरिमामय सभामा पेश गरेको छु ।

**सभाध्यक्षज्यू**

**चालु आवमा सम्पादित केहि मुख्य कार्यक्रमहरु प्रस्तुत गर्दछु ।**

यस नगरपालिकाको वडा नं. ३ नेउलापुरमा १५ शैयाको नगर अस्पतालको निर्माण सम्पन्न हुने चरणमा रहेको छ । नवनिर्मित भवनबाट सेवा सुचारु गर्न आवश्यक सामाग्री तथा जनशक्तिका लागि आवश्यक समन्वय तथा व्यवस्थापन गरिनेछ ।

संघीय  सरकारको विशेष अनुदान र नगरपालिकाको आन्तरिक श्रोतबाट चालु आर्थिक वर्षमा पूर्वाधार तर्फका धेरै योजनाहरु सम्पन्न भएका छन् । १७.८५ किमि बाटो कालोपत्रे , २३  किमि ग्राभेल, ४ किमि नया सडक निर्माण र ३.५ कि मि हात्ती छेकबारका पक्की पर्खाल निर्माणको कार्य सम्पन्न भएको छ ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत १ वटा विद्यालयको विद्यालय भवन निर्माण भएको , बिल्डअन र नगरपालिकाको लगानीमा ३ वटा विद्यालय भवन , प्रदेश सरकारको सहयोगमा २ वटा विद्यालय भवन  तथा त्रिभुवन नमूना माध्यमिक विद्यालयमा नमुना विद्यालय कार्यक्रम तथा नगरपालिकाको श्रोत समेत लगानी गरी १ वटा भवन गरी  ११ वटा विद्यालयमा ४३ वटा कक्षा कोठा  निर्माण  सम्पन्न गरिएको छ ।

सार्वजनिक शिक्षालाई सबैबाट रोजिने र खोजिने बनाउन आवश्यक नीतिगत र संरचनागत विकास गरी ४ जना जनशक्ति सहितको विद्यालय सहायता संयन्त्र तयार गरी कार्यान्वियन गरिएको छ ।

नेपालका ३३ वटा र लुम्बिनी प्रदेशको ११ वटा गाउँ तथा नगरपालिकामा ईन्स्योर प्रोजेक्टको सहयोगमा सञ्चालित युवाहरुलाई दिगो तथा सम्मानित रोजगारीका लागि सिटिभिटि लेभल २ को ३६९६ घण्टे ६ वटा विषय क्षेत्रको तालिमहरु सञ्चालन गरिएको छ ।  २ वटा विषयहरुमा निरन्तर तालिम सञ्चालन भैरहेको छ

आधारभूत नगर अस्पतालमा २ जना मेडिकल अधिकृत सहित ३७ जनशक्ति व्यवस्थापन गरी २४ घण्टा एमरजेन्सि सेवा संगै विरामी भर्ना सहितको अन्तरंग सेवाहरु विस्तार गरिएको छ । भेन्टीलेटर सहितको सर्पदंश उपचार सेवा, गर्भवतीका लागि निशुल्क भिडियो एक्सरे सेवा, रेविज खोप सेवा, साप्ताहिक रुपमा विशेषज्ञ सेवाहरु प्रदान गरिदै आएको छ अस्पतालबाट जेठसम्म १५१३९जनाले सेवा प्राप्त गरेका छन् । आधारभूत नगर अस्पतालबाट स्वास्थ्य विमा लगायतका सेवा विस्तार भएपछि सवै नागरिकको स्वास्थ्य सेवामा पहुंच पुगेका कारण दिर्घरोगीको संख्यामा कमि आएको कुरा तथ्यांकले देखाएको छ ।

आधारभूत नगर अस्पतालबाट स्वास्थ्य विमा शुरु गरेपछि स्वास्थ्य सेवा सवैनागरिकको पहुंचमा पुग्न सकेको छ । आधरभूत नगर असपतालबाट ८९४८ जनाले स्वास्थ्य विमाको सेवा लिनु भएको छ ।

मुटु मृगौला र क्यान्सर रोगको उपचारार्थ गत वर्ष १२० जनालाई सिफरिस गरिएकोमा यस वर्ष सो संख्या घटी ८० जना रहेको छ । यसै गरी गत वर्ष १४० जना दिर्घरोगीलाई  लागि मासिक रु ५०००/ का दरले औषधोपचार उपलब्ध गराईएको थियो भने यस वर्ष सो संख्या घटि ९५ जनालाई मात्र दिर्घरोगी विपन्न नागरिक उपचार खर्च उपलब्ध गराइएको छ ।

दिर्घरोगमा  नसमेटिएको थालसेमियाका १० जना बिरामीलाई आफ्नै स्रोतबाट मासिक रु ३०००/ का दरले उपलब्ध गराईएको छ ।आधारभुत नगर अस्पतालबाट निशुल्क रेविज खोप लगाउने शुरु गरेकोमा हालसम्म १७९९ जनाले रेविज खोप सेवा, सर्पदंश उपचार सेवा शुरु गरेपछि ३७ जनाले सर्पदंश उपचार सेवा, १०६३ जनाले रक्तदान गर्नु भएको छ ।

नागरिकलाई सरल, सहज किसिमले राष्टिय परिचय पत्र वितरण गर्न सञ्चालन गरिएको शिविरबाट ४८२४ जनाले सेवा प्राप्त गर्नु भएको छ । ठाकुरबाबा नगरपालिकाबाट ४२२४ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

कृषकहरुको कृषि उपजको बजारीकरण तथा उचित मूल्य प्राप्तिका लागि सहकारीमार्फत खरिद कार्य शुरु गरिएकोमा यस वर्ष ८५.१९३ टन धान खरिद भएको छ भने कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता परियोजना नगरपालिकाका ९ बटै वडामा लागु गरी कृषि र पशुको व्यवसायिक उत्पादन र बजारीकरणको कार्य शुरु गरिएको छ ।

**अध्यक्ष महोदय,**

**अब म गरिमामय सभा समक्ष आ. व. २०८२/०८३ को बजेटको कानुनी तथा नीतिगत आधारहरु प्रस्तुत गर्न चाहान्छु ।**

नगर क्षेत्रको समग्र आर्थिक, सामाजिक, सास्कृतिक र पूर्वाधार लगायतको विकासका लागि एक आर्थिक बर्ष भित्र गर्ने खर्च र सोको व्यवस्थापनका लागि चाहिने आयका श्रोत उल्लेख भएको महत्वपूर्ण दस्तावेज वजेट हो । वजेट मार्फत नगरपालिकाले खर्चको प्राथमिकता निर्धारण गर्नुका साथै न्यायोचित कर प्रणाली स्थापना र योजना कार्यान्वयनको स्पष्ट खाका समेत प्रस्तुत गर्दछ । तसर्थ, वजेट तर्जुमा गर्दा निश्चित कानुनी तथा नीतिगत आधार लिन जरुरी छ । त्यसैले ठाकुरबाबा नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/०८३ को वजेट तर्जुमा गर्दा देहायका कानुनी तथा नीतिगत आधार लिइएको छ ।

- नेपालको संविधानको सान्दर्भिक धाराहरु,
- स्थानीय सरकार संचालन ऐन, २०७४,
- नगरसभा र नगर कार्यपालिकाले स्वीकृत गरेका ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड र नीतिगत निर्णयहरु,
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरु,
- सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ का सान्दर्भिक दफाहरु,
- संघीय सरकारको १६ औ आवधिक योजना र
- लुम्बिनी प्रदेश सरकारको दोस्रो आवधिक योजना, ९आ.व. २०८१।०८२ देखि आ व २०८५।०८६),
- नगरपालिकाले तर्जुमा गरेको आवधिक योजना, मध्यकालिन खर्च संरचना (२०७९/०८०—२०८१/०८२) को खाका, क्षमता विकास योजना (आ.व.२०७८/०७९—२०८१/०८२) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एन, राजश्व सुधार योजना आदि,
- ठाकुरबाबा नगरपालिकाको पाश्र्वचित्र (प्रोफाइल),
- नगरपालिकाले तर्जुमा गरेको कृषि विकास रणनीति, २०८०
- दिगो विकासका लक्षहरु र नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा जनाएका विभिन्न प्रतिवद्धताहरु,
- नगरपालिकाको प्रमुख समस्या, सम्भावना र चुनौतीहरु,

- समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ का सान्दर्भिक दफाहरु,
- वजेट प्रस्तुतीको साथमा एकैसाथ पेश हुने विनियोजन तथा आर्थिक विधेयक,

सम्मानित नगर सभाको एघारौं अधिवेशनबाट अनुमोदित ध्येय समुन्नत ठाकुरबाबा; सबल नगरवासीको सपना साकार गर्न आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित बजेटको उद्देश्य तथा प्राथमितकताहरु देहाय बमोजिम रहेका छन् ।

क) गुणस्तरीय तथा निशुल्क शिक्षा, स्वास्थ्य लगायत सामाजिक सेवाको विकास र विस्तार

ख) कृषि र पशु क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि र बजारीकरण

ग) कृषि तथा पर्यटन क्षेत्रको विकासबाट रोजगार सिर्जना

घ) खानेपानी सरसफाई

च) सिंचाई खानेपानी तथा सरसफाई व्यवस्थापन

छ) सार्वजनिक सेवा प्रवाह र संरचनागत जनशक्ति व्यवस्थापन

ज) जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास र सुशासन प्रवद्र्धन

**अध्यक्ष महोदय,**

अब म आ. व. २०८२/०८३ को प्रस्तावित बजेटसहित क्षेत्रगत कार्यक्रम तथा बजेट प्रस्तुत गर्न गइरहेको छु ।

आ. व.२०८२/०८३ को लागि रु ९६ करोड ८९ लाख ६२ हजार ६ सय ३४ रुपैयाँको बजेट प्रस्ताव गरिएको छ । जुन गत आ. व. को प्रस्तावित बजेट भन्दा १०।२५ प्रतिशत बढि हो । यस मध्ये चालु तर्फ रु. ५३ करोड २९ लाख २९ हजार ४ चार सय ४९ रुपैयाँ अर्थात ५५ प्रतिशत र पुँजीगततर्फ ४३ करोड ६० लाख ३३ हजार १ सय ८५ रुपैयाँ अर्थात ४५ प्रतिशत बिनियोजन गरेको छ । चालु आर्थिक बर्षमा चालु तर्फको बजेट कुल बजेटको आकारको आधारमा ५८ प्रतिशत बिनियोजन भएकोमा आगामी आर्थिक बर्ष ५५ प्रतिशत बिनियोजन गरिएको छ । भने बिकास निर्माण एबम् पुँजीगत तर्फ ४२ प्रतिशत बिनियोजन भएकोमा आगामी आर्थिक बर्ष ४५ प्रतिशत रकम बिनियोजन गरेको छु।

**आगामी आर्थिक बर्षको बजेटको स्रोत तपसिल बमोजिम रहेको छ ।**

**आ. व. २०८२।०८३ को बजेटको स्रोत अनुमान**

| सि. नं. | बजेटको स्रोत | बजेट |
|---|---|---|
| **सङ्घीय सरकार** | | |
| १ | सङ्घीय सरकार समानीकरण अनुदान | १३,५१,००,००० |
| २ | सङ्घीय सरकार सशर्त अनुदान | २७,६६,००,००० |
| ३ | सङ्घीय सरकार समपूरक अनुदान | ७,२१,००,००० |
| ४ | सङ्घीय सरकार विशेष अनुदान | ३,२९,००,००० |
| ५ | सङ्घीय सरकार राजस्व बाँडफाँट | ११,०९,९७,८२८ |

| | | |
|---|---|---|
| ६ | वन क्षेत्रको रोयल्टी | १२,०२,००० |
| **जम्मा अनुदान** | | ६२,८८,९९,८२८ |
| **बाँडफाँट गर्न मिल्ने रकम** | | २४,७२,९९,८२८ |
| **प्रदेश सरकार** | | |
| १ | प्रदेश सरकार समानीकरण अनुदान | ९३,९३,००० |
| २ | प्रदेश सरकार सशर्त अनुदान | १,१०,००,००० |
| ३ | प्रदेश सरकार समपुरक अनुदान | १,२०,००,००० |
| ४ | प्रदेश सरकार विशेष अनुदान | ० |
| ५ | प्रदेश सरकार राजस्व बाँडफाँट | १,३६,७१,००० |
| **जम्मा अनुदान** | | ४,६०,६४,००० |
| **बाँडफाँट गर्न मिल्ने रकम** | | २,३०,६४,००० |
| **स्थानीय सरकार** | | |
| १ | आन्तरिक राजस्व | १०,४४,८०,००० |
| २ | आ. व. २०८१।०८२ को खर्च गर्न बाँकी मौज्दात (अ. ल्या.) | १८,९५,१८,८०६ |
| **कुल बजेट** | | ९६,८९,६२,६३४ |
| **कुल बाँडफाँट गर्न मिल्ने** | | ५६,४३,६२,६३४ |

**अध्यक्ष महोदय,**

**अव म क्षेत्रगत विनियोजन प्रस्तुत गर्न चाहन्छु ।**

सङ्घीय र प्रदेश सरकारबाट यस नगरपालिकाका लागि विनियोजित बजेट तथा नगरपालिकाको आन्तरिक स्रोत समेतका आधारमा बाँडफाँड गर्न सकिने वजेटबाट (सशर्त र समपुरक बाहेकको बजेट) क्षेत्रगत बजेट बाँडफाँड तपसिल अनुसार गरिएको छ ।

| सि. नं. | बजेट विनियोजन हुने क्षेत्रहरु | विनियोजन भएको रकम (रु.) | कैफियत |
|---|---|---|---|
| **१** | **चालु तथा प्रशासनिक** | **१५,००,००,०००** | |
| **२** | **पूर्वाधार विकास** | **२२,३३,००,०००** | |
| २.१ | पूर्वाधार सम्बन्धी योजनाहरुको लागि लागत साझेदारी गर्नुपर्ने बजेट | १०,८०,००,००० | |
| २.२ | दायित्व सारिएका योजनाहरुको भुक्तानी दिनका लागि आवश्यक पर्ने बजेट | ८,००,००,००० | |
| २.३ | जोड कोष (सडक बोर्ड नेपाल, तराई मधेश समृद्धि कार्यक्रम, ऊर्जा प्रभावकारी भवन आदि) | ५०,००,००० | |

| | | | |
|---|---|---|---|
| २.४ | पूर्वाधारतर्फका नगरस्तरीय योजना तथा कार्यक्रमहरु | ३,०३,००,००० | |
| ३ | **आर्थिक विकास** | **५,०४,५०,०००** | |
| ३.१ | कृषि विकास | २,६१,००,००० | |
| ३.२ | पशुपन्छी विकास | १,६४,२०,००० | |
| ३.३ | पर्यटन विकास | ४६,५०,००० | |
| ३.४ | सहकारी | ३,००,००० | |
| ३.५ | उद्योग तथा वाणिज्य | ३,३०,००० | |
| ३.६ | भूमि व्यवस्था | ८,००,००० | |
| ३.७ | श्रम तथा रोजगार | १८,५०,००० | |
| ४ | **सामाजिक विकास** | **८,५६,९१,०३४** | |
| ४.१ | शिक्षा, युवा तथा खेलकुद | ६,४३,४०,७८४ | |
| ४.२ | स्वास्थ्य | १,६१,९०,२५० | |
| ४.३ | महिला, बालवालिका तथा समाज कल्याण | ४६,६०,००० | |
| ४.४ | सामाजिक सुरक्षा तथा पञ्जीकरण | ५,००,००० | |
| ५ | **सुशासन तथा संस्थागत विकास** | **९८,२१,६००** | |
| ५.१ | न्यायिक समिति | १८,२१,६०० | |
| ५.२ | सेवा प्रवाह तथा सुशासन | ८०,००,००० | |
| ६ | **वातावरण तथा विपद् व्यवस्थापन** | **१,०६,००,०००** | |
| ७ | **वडागत सिलिङ्ग** | **३,४५,००,०००** | |
| **जम्मा बजेट** | | **५६,४३,६२,६३४** | |

**स्वास्थ्य सेवा**

१. नागरिकको जीवन रक्षा गर्नु नै प्रमुख दायित्व महसुस गरी स्वास्थ्य सेवाका लागि रु. १,६१,९०,२५० एक करोड एकसठ्ठी लाख नब्बे हजार दुई सय पचास रुपैयाँ विनियोजन गरिएको छ ।

२. नेपाल सरकारले तोकेको निःशुल्क वितरण हुने ९८ प्रकारका औषधीको सहज उपलब्धता हुने गरी रु ३०,००,०००।( अक्षरुपी तीस लाख बजेट बजेट विनियोजन गरिएको छ । नेपाल सरकारले निःशुल्क घोषणा गरेका औषधी आम नागरिकका लागि सहज पहुँच भई सर्पदंश केन्द्रमा अत्यावश्यक औषधीको समेत आपूर्ति हुनेछ ।

३. आधारभुत नगर अस्पतालबाट प्रदान गरिँदै आएको स्वास्थ्य सेवालाई विस्तार तथा एकीकृत सेवा प्रदान गरिनेछ । नगर अस्पतालमै नियमित रुपमा ख्क्ब् त्भकत , आयुर्वेद तथा फिजियोथेरापि सेवा, बर्थिंग सेवा शुरु गर्न १३ लाख बजेट विनियोजन गरेको छ ।

४. विमालाई व्यापक तथा प्रभावकारी रुपले कार्यान्वयन गर्न र द्वन्द्ध पीडित, महिला स्वास्थ्य स्वयमसेविका र ग बर्गका अपांगता भएका विपन्न परिवारको निशुल्क स्वास्थ्य विमा गर्न रु ४ लाख ४५ हजार २ सय ५० बजेट विनियोजन गरिएको छ ।

५. सिकलसेल र थालासेमियाको समयमै उपचार तथा अर्को पुस्तामा सर्ने चेन तोड्न १५ महिना परा भएका थारु समुदायका बालबालिकाको सिलकसेल तथा थालासेमियाको निशुल्क  परिक्षण गर्न  ९ लाख ४० हजार बजेट विनियोजन गरिएको छ ।

६. पूर्ण सुरक्षित मातृत्व सेवायुक्त स्थानीय तह  बनाउन गर्भवतिसंग नगरपालिका कार्यक्रम अन्तर्गत  घरमै गएर एकपटक गर्भवत परीक्षण तथा परामर्श प्रदान गर्न , सुत्केरी आमा र नवजात शिुको घरमै गई जाच गर्न रु २ लाख बजेट विनियोजन गरिएको छ ।

७. नगरवासीलाई नियमित र सरल रुपमा विशेषज्ञ सेवा प्रदान गर्न सवै स्वास्थ्य संस्थाहरुमा मेडिकल अधिकृतहरुको नियमित भिजिट वृहत् स्वास्थ्य शिविरहरु सञ्चालनका लागि आवश्यक बजेट ब्यवस्थापन गरिएको छ ।

८. पेपरलेस स्वास्थ्य संस्थाको विकास गरी डिजिटल स्वास्थ्य सूचना प्रणालीलाई सुदृढ बनाउन तालिम तथा सामाग्री व्यवस्थापनका लागि रु ५ लाख बजेट विनियोजन गरिएको छ ।

९. आधारभूत नगर अस्पताल नेउलापुरबाट रेविज खोप निःशुल्क उपलब्ध गराउन आवश्यक उपकरण सहितको व्यवस्थापनका लागि बजेटे विनियोजन गरेको छु । सोही अस्पतालबाट नै पोष्टमार्टम सेवा उपलब्ध गराउन आवश्यक व्यवस्थापन गरिनेछ ।

१०. तोकिएका उमेर समूहका जेष्ठ नागरिक, जोखिमपूर्ण अवस्थाका गर्भवति महिलालाई सुविधा सम्पन्न अस्पतालमा प्रेषण गर्न  तथा महिला स्वास्थ्य स्वयंसेविका लगायतका लक्षित समूहलाई एम्बुलेन्स सेवामा र बीमा कार्यक्रमका लागि विशेष छुटको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

११. **"मेरो स्वास्थ्यः मेरो जीवन"** भन्ने अभियानका साथ स्वस्थ्यकर जीवनशैली प्रवर्धन तथा भान्सा सुधार कार्यक्रम समेत विद्यालय तह र समुदाय स्तरमा सञ्चालन गर्न किशोर किशोरीको रक्त अल्पता पहिचान तथा उपचारका लागि आबश्यक बजेट ब्यवस्थापन गरिएको छ ।

१२. स्वास्थ्य संस्थाहरुको सेवालाई प्रभावकारी बनाउन गुणस्तरीय बनाउन अत्यावश्यक औजार तथा उपकरण र वास संरचनाहरुको नियमित मर्मत सम्भारका लागि कोष स्थापनार्थ आवश्यक बजेटको तर्जुमा गरेको छु ।

१३. दिर्घसेवा गरी अवकाश हुने महिला स्वयसेविकालाई सम्मान सहितको सुनौलो अवकाश योजनामा दिंदै आएको प्रोत्साहन अनुदानलाई प्रदेश सरकार समेतको सहकार्यमा रु १,१०,०००। एक लाख दश हजार रुपैयाँ हुने गरी आवश्यक ब्यबस्थापन गरिएको छ ।

१४. महिला स्वास्थ्य संयम सेविकाहरुको पोशाक, प्रोत्साहन र यातायात तथा महिला स्वास्थ्य संयम सेविका दिवस मनाउन आवश्यक वजेट प्रस्ताव गरिएको छ ।

१५. हाल निर्माणधिन १५ शैयाको नगर अस्पतालको निर्माण कार्य सम्पन्न हुने चरणमा रहेकोले नयाँ भवनबाट सेवा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

१६. यस नगरपालिकालाई नेपालकै पहिलो पूर्ण हात धुने नगरपालिका घोषणा गरिएको सन्दर्भमा सो कार्यलाई दिगो बनाउन साझेदार संघसंस्था समेतको समन्वयमा कार्ययोजना सहित कार्यान्वयन गर्न आवश्यक प्रवन्ध गरिएको छ ।

१७. स्वास्थ्य संस्थाहरुबाट विसर्जन मेडिकलजन्य फोहरलाई ब्यवस्थापन गर्न आवश्यक सहकार्य गरी कार्यान्वयन गर्न आवश्यक संयन्त्र तथा पूर्वाधार तयार गरिएकाले त्यसलाई सञ्चालन गरिने छ ।

१८. सवै स्वास्थ्य संस्थाहरुको सेवामा न्यूनतम सेवा मापदण्ड लागु गरी गुणस्तरीय सेवा प्रवाह गर्न तथा स्वास्थ्य संस्थाहरुको संरचना मर्मत सम्भारका लागि कोष परिचालन गर्न रु ११ लाख बजेट प्रस्ताव गरिएको छ ।

१९. स्वास्थ्य सेवाको सवै विवरणहरुलाई बस्तुनिष्ट बनाउन DHIS-2 र eHMIS मा प्रविष्टिकरण समेत गर्न आबश्यक सामग्री सहितको बजेटको ब्यवस्था गरेको छु ।

२०. यस नगरपालिका पूर्ण खोप सुनिश्चिता घोषणा गरी सकिएकोले सो लाई कायम गरी र खोप तथा गाउँघर क्लिनिक समेतलाई ब्यवस्थापन गर्न आवश्यक बजेटको बजेट ब्यवस्था गरेको छु ।

**शिक्षा, युवा तथा खेलकुद**

२१. शिक्षा, युवा तथा खेलकुद  क्षेत्रको लागि कुल रु. ६,४३,४०,७८४। (छ करोड त्रिचालीस लाख चालीस हजार सात सय चौरासी रुपैया) बजेट विनियोजन गरेको छु । यो बजेट गत वर्षको तुलनामा २.७% प्रतिशत बढी हो।

२२. हाल कक्षा १० सम्म निशुल्क शिक्षा कार्यान्वयन हुदै आएकोमा १२ कक्षा सम्म  निःशुल्क गर्न रु १५ लाख थप बजेट व्यवस्था गरेको छु ।

२३. दुई वर्ष सेवा अवधि पुरा भएका नगर, वालविकास शिक्षक,र विद्यालय कर्मचारीलाई समेत योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न रु ४० लाख बजेट विनियोजन गरिएको छ ।

२४. खेलाडीहरुलाई नियमित रुपमा प्रोत्साहन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक जित्ने खेलाडीलाई उच्च कक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्न र उच्च शिक्षा अध्ययन गर्ने  विपन्न बर्गका छात्राहरुलाई साइकल वितरणका लागि थप बजेटको व्यवस्था गरेको छु ।

२५. प्रधानाध्यापकको कामको जिम्मेवारीलाई मध्यनजर गरी हाल प्रदान गरिदै आएको मासिक प्रधानाध्यापक भत्तामा बृद्धि गर्न रु ४ लाख ९२ बजेट विनियोजन गरिएको छ ।

२६. विद्यालयहरुविच गुणस्तरमा प्रतिष्पर्धा गराउन नयां सोच र नया कामहरु सहितको नवप्रवर्तन कार्यक्रमका लागि उत्कृष्ट प्रस्ताव पेश गर्ने ३ वटा विद्यालयललाई  कार्यक्रम सञ्चालन गर्न रु ६ लाख बजेट विनियोजन गरिएको छ।

२७. गुरुकुल विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि रु ५ लाख बजेट विनियोजन गरिएको छ ।

२८. नगरपालिकामा स्काउटको क्षमता विकास र सिकाई प्रवर्द्धन गर्न रु १ लाख बजेट विनियोजन गरिएको छ ।

२९. नगर नमुना विद्यालय तथा महिलामैत्री विद्यालय सञ्चालनका लागि रु ४ लाख बजेट विनियोजन गरिएको छ ।

३०. साझेदारीमा माध्यमिक तहमा वृत्ति मार्ग निर्देशन कार्यक्रम सञ्चालनका लागि रु ४ लाख बजेट विनियोजन गरिएको छ

३१. प्रदेश सरकारको समन्वयमा सवै सामुदायिक विद्यालय तथा क्याम्पसहरुमा आवश्यक भौतिक संरचना तथा अधुरा निर्माण कार्यहरु सम्पन्न गर्न रु ७ करोड २५ लाख विनियोजन गरिएको छ ।

३२. सामुदायीक विद्यालयको शिक्षण सिकाईलाई गुणस्तरीय बनाउन विद्यालयले तयार गरेको विद्यालय सुधार योजनाको आधारमा प्राथमिकताका क्षेत्रसहितको नगरस्तरीय एकीकृत शिक्षा कार्ययोजना तयार गरी क्रमशः कार्यान्वयन गर्न आवश्यक स्रोत प्रस्ताव गरिएको छ ।

३३. प्रदेश सरकारको सहयोगमा माध्यमिक तह पढाउने शिक्षकहरुलाई अंग्रेजी, गणित र विज्ञान विषय पढाउन पुर्नताजगी तालिम सञ्चालन गर्न रु ५ लाख विनियोजन गरिएको छ । साथै नतिजा सुधारको लागि अनिवार्य अंग्रेजी विषयको अतिरिक्त अभ्यास, पाठ्यपुस्तक र शैक्षिक सामाग्री सहित कमाण्डो कक्षा सञ्चालन गर्न ९ लाख र गणित विज्ञान विषयको अतिरिक्त अभ्यास तथा शैक्षिक सामाग्री वितरणका लागि ९९ लाख ७० हजार गरी १ करोड ४ लाख ७० हजार बजेट विनियोजन गरिएको छ ।

३४. प्रदेश सरकारको सहयोगमा सवै सामुदायिक विद्यालयहरुमा साङ्गितिक विहानी प्रार्थना तथा पिटि सहितको व्यवहारिक शिक्षक अभिभावक र सरोकारवालाका लागि उत्प्रेरणा कार्यक्रम सञ्चालन गर्न रु ४ लाख विनियोजन गरिएको छ ।

३५. **“अबको सिकाई प्रविधि सहितको सिकाई”** भन्ने नारा सहित डिजिटल तथा प्रविधिमैत्री शिक्षा प्रवर्द्धनका लागि आवश्यक सामाग्रीहरु, जनशक्तिको व्यवस्थापन र कृत्तिम बुद्धिमत्ता (AI) साक्षरता अभियान अन्तर्गत कक्षा ८ देखि १२ सम्मका विद्यार्थीलाई ए आइ साक्षरता, च्याट बोट, Ethics of AI विषयमा कार्यक्रम सञ्चालन गर्न रु १ लाख बजेट विनियोजन गरिएको छ ।

३६. विद्यालयमा खाजाको रुपमा जंकफुड प्रयोग गर्ने कार्यलाई निरुत्साहित गर्न एक विद्यालय एक करेसावारी कार्यक्रम सञ्चालन तथा वातावरणमैत्री र हरियालीयुक्त विद्यालय बनाउन हरित विद्यालय निर्देशिका वमोजिमका कार्यक्रम सञ्चालन गर्न गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३७. शिक्षकलाई शिक्षण सिकाईमा सहयोग गरी सिकेर सिकाउने तथा सिकाई आदान प्रदान गर्न विद्यालय सुपरीवेक्षक, रोष्टर शिक्षक र विद्यालय सहयोग संयन्त्रलाई निरन्तरता दिन आवश्यक बजेट प्रस्ताव गरेको छु ।

३८. **“उत्कृष्ट विद्यालयलाई सम्मानः कमजोरलाई प्रोत्साहन”** भन्ने नारालाई मुर्तरुप दिन उत्कृष्ट विद्यालय, ब्यवस्थापन समिति, शिक्षक तथा कर्मचारीलाई पुरस्कारको ब्यवस्था गरी कमजोरलाई नतिजामा आधारित प्रोत्साहन कार्यक्रम कार्यान्वयन गर्न आवश्यक बजेट प्रस्ताव गरिएको छ ।

३९. **“आजको सिकाईः भोलिको कमाई”** भन्ने नारालाई वास्तविकतामा परिणत गर्न रोजगारको अवसरको खोजीमा रहेका युवालाई बृत्ति तथा रोजगार सम्वन्धि मार्ग निर्देशन सेवा सञ्चालन तथा लामो तथा छोटा अवधिका सीप विकास तालिमहरु सञ्चालन गर्न आवश्यक बजेट प्रस्ताव गरिएको छ ।

४०. समग्र खेलकूद क्षेत्रको विकासका लागि गठन गरिएको नगर खेलकूद विकास समिति मार्फत विभिन्न गतिविधिहरु सञ्चालन गर्न नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता (आ. वि. तहलाई समेत समावेश गर्ने गरी) ठाकुरबाबा कप महिला तथा पुरुष फुटवल प्रतियोगिता सञ्चालन, राष्ट्रिय तथा अन्तराष्ट्रियि खेलमा सहभागिता, नगर तथा वडास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन,खेल प्रशिक्षक तालिम तथा खेलको पूर्वाधार विकासका लागि रु २९ लाख  बजेट विनियोजन गरेको छु ।

४१. त्रिभुवन नमुना मावि भुरिगाउँमा सञ्चालन गरिदै आएको अनाथ तथा असाहय वालवालिकाको संरक्षण केन्द्र सञ्चालनका लागि रु ५ लाख, वातावरणमैत्री र हरित विद्यालय निर्देशकिा वमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न रु ३ लाख बजेट विनियोजन गरिएको  छ ।

४२. भाषा, कला साहित्य र संस्कृतिको संरक्षण तथा सम्वर्द्धनका लागि ठाकुरबाबा प्रज्ञाप्रतिष्ठानलाई रु १५ लाख बजेट विनियोजन गरिएको छ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

४३. लक्षित समुदायको सरकारी सेवामा मूल प्रवाहीकरणका लागि लक्षित बर्ग विशेष लोक सेवा तथा शिक्षक सेवा आयोगका कक्षा सञ्चालन गर्न र आयआर्जन तथा सिप विकास कार्यक्रम सञ्चालन गर्न रु ५ लाख बजेट विनियोजन गरिएको छ ।

४४. आर्थिक र सामाजिक रुपमा विपन्न बर्ग पहिचान गरी वास्तविक विपन्न बर्गसम्म लक्षित कार्यक्रम पुरयाउन सम्पन्नता स्तरीकरण गरी परिचयपत्र वितरण गर्न तथा जिपिएसमा आधारित घर नम्बर वितरण गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

४५. दलित समुदायको परम्परागत सिप प्रवर्द्धनका लागि रु २ लाख बजेट विनियोजन गरिएको छ ।

४६. अपाङ्गहरुको जीवनयापनलाई सहज बनाउन नियमित परिचय पत्र वितरण कार्यक्रम सञ्चालन, अपांगता भएका बालबालिकाको पहिचान तथा उपचारका लागि प्रदेश सरकारसंगको सहकार्यमा स्क्रिनिंग शिविर सञ्चालन तथा उपचारमा सहयोग,अपाङ्गता सहायक सामग्री वितरण गर्न रु ५ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

४७. वालविवाहमुक्त सञ्चालनका लागि रु ७ लाख बजेट विनियोजन गरिएको छ ।

४८. सशस्त्र द्वन्द्वको क्रममा पति बेपत्ता पारिएका तर एकल महिलामा सम्बोधन नभएका महिलाका लागि मासिक रुपमा रु २५०० का दरले निर्वाह भत्ता उपलब्ध गराउन रु २ लाख ७० हजार बजेट विनियोजन गरिएको छ  ।

४९. नगरपालिका बनाउन वालविवाह मुक्त वडा घोषणा, वालविवाहको अनुगमन तथा छोरी सम्म्मान कमर्यक्रम

५०. महिला शान्ति र सुरक्षा सम्बन्धि संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव न १३२५ र १८२० कार्यान्वियन सम्बन्धि दोश्रो राष्ट्रयि कार्ययोजना कार्यान्वयनका लागि संघसंस्था समेतको साझेदारिमा आवश्यक कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु । द्वन्द्व पिडितको आर्थिक सशक्तिकरणका लागि आयआर्जन गर्न बजेट प्रस्ताव गरिएको छ ।

५१. नगरस्तरीय विभिन्न सञ्जाल (महिला सञ्जाल, वाल सञ्जाल, किशोरकिशोरी सञ्जाल, ज्येष्ठ नागरिक सञ्जाल, दलित सञ्जाल, अपांग सञ्जाल लगायतका विभिन्न सञ्जालहरु) गठन, परिचालन र जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु

५२. हिंसाबाट पिडित महिला तथा अनाथ तथा जोखिममा रहेका बालबालिकाहरुको आवश्यक ब्यवस्थापन गर्न लैगिंक हिंसा निवारण कोषमा कोष वृद्धिका लागि आवश्यक वजेट प्रस्ताव गरेको छु ।

५३. विवाह कारणले विचमै पढाइ छाडेका बुहारीहरुलाई अध्ययनमा निरन्तरता दिन प्रोत्साहनका लागि बुहारी शिक्षा कार्यक्रम सञ्चालन गर्न रु ५० हजार विनियोजन गरिएको छ ।

५४. समुदाय प्रहरी साझेदारीमा साइवर अपराध, बालविवाह, लागुपदार्थ दुव्र्यसनी विरुद्धको सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न रु १ लाख विनियोजन गरिएको छ ।

५५. ज्येष्ठ नागरिकको सम्म्मान, ज्ञानसिप तथा अनुभवको पुस्तान्तरण र ज्येष्ठ नागरिक दिवासेवा केन्द्र व्यवस्थापन र ज्येष्ठ नागरिक तथा अपांगलाई बाटेको धुप बनाउने तालिम सञ्चालनका लागि समेत रु १ लाख ५० हजार बजेट विनियोजन गरेको छु

५६. नगरपालिकाबाट नियमित रुपमा गर्दै आइरहेको सडक मानव उद्धार तथा ब्यवस्थापनका लागि सहयोग गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

५७. प्रथाजनित तथा संस्थागत रुपमा अगाडि बढिरहेको बडघर प्रणालीलाई सम्मान र सम्बोधन र परिचालनका लागि सवै बडघरहरुलाई प्रतिव्यक्ति प्रति व्यक्ति रु २०० का दरले महिना मासिक संचार खर्च उपलब्ध गराउन बजेट विनियोजन गरिएको छ ।

## सामाजिक सुरक्षा कार्यक्रम

५८. राष्ट्रिय परिचयपत्र वितरणलाई सरल र सहज बनाउन नगरपालिकामै दर्ता स्टेशन सञ्चालन तथा कार्ड वितरण कार्यका लागि रु ३ लाख बजेट व्यवस्थापन गरिएको छ ।

५९. स्थानीय पञ्जिकाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम सञ्चालन, घुम्ति शिविर मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा सहजीकरण घटना दर्ता अभियान सञ्चालन जस्ता कार्यक्रमहरु सञ्चालन गर्न रु २ लाख बजेट विनियोजन गरिएको छ ।

## कृषि तथा पशुपन्छी र मस्त्य पालन

६०. उत्तम विकल्प कृषि भन्ने नारा सहित कृषि विषेष कार्यक्रम सञ्चालन गर्न साना किसान तथा चक्लाबन्दी सहितको खेति कार्यका लागि कृषि यन्त्र लगायतका सामाग्री सहयोग गर्न रु १५ लाख बजेट विनियोजन गरिएको छ ।

६१. हाम्रो पहिचान कृषिको विशेष उत्पादन भन्ने नारालाई आत्मसाथ गर्दे मसिनो तथा वासनादार धान, मकै बाली पकेट, च्याउ पकेट, महुरीपालन तथा फलफूल पकेट कार्यक्रम सञ्चालन गर्न रु १४ लाख बजेट विनियोजन गरिएको छ ।

६२. माटो नै आत्मा हो भन्ने नाराका साथ माटो परिक्षण, नक्शांकन र माटोको उर्वरा शत्तिः बढाउन ढैचा तथा कोशेवाली र गड्यौले मल प्रवद्र्धन गर्न रु ५ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

६३. कृषिको यान्त्रीकरण लागतको न्यूनिकरण भन्ने नाराका साथ व्यवसायिक कृषि उत्पादनलाई प्रवद्र्धन गर्न साझेदारिमा कष्टम हायरिंग सञ्चालन गर्न रु ७५ लाख बजेट विनियोजन गरिएको छ ।

६४. स्थानीय उत्पादनको संकलन, प्रशोधन, प्याकेजिंग र बजारीकरणका लागि लागि प्रदेश सरकारको सहयोगमा सञ्चालन हुने नवप्रवद्र्धन साझेदारी  कार्यक्रम सञ्चालनका लागि रु ९९ लाख ५० हजार बजेट प्रस्ताव गरिएको छ ।

६५. सिपयुक्त कृषक हाम्रो अभियान भन्ने नाराका साथ ककहरुको क्षमता विकास , कृषकदिवस तथा सम्मान, कृषक चौतारी , कृषकहरुलाई प्रविधिमार्फत सुचना प्रणालीमा आवद्ध गराउन रु ११ लाख बजेट विनियोजन गरिएको छ ।

६६. बीजबृद्धि आत्मनिर्भर बनाउने कार्यक्रमको सफलतालाई कायम गर्दै निर्यात गर्ने गरी स्रोतविउ उत्पादन गरी उत्पादकत्व बढाउन विउ उत्पादन गर्ने कृषकलाइृ उत्पादनमा आधारित अनुदान उपलब्ध गराउन रु १० लाख विनियोजन गरिएको छ ।

६७. रैथाने वाली प्रवर्धन तथा कृषि जैविक विविधता संरक्षण गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

६८. पोषिलो आहारका लागि करेसा वारी प्रवर्धन गरी एकघर एक करेसावारी तथा एक  विद्यालय एक करेसाबारी कार्यक्रमलाई कार्यान्वयन गर्न   रु ४ लाख ५० वजेट विनियोजन गरेको छु ।

६९. कृषकका लागि ब्यवसायीक तथा पेशागत क्षमता विकास गर्न, स्थलगत घुम्तिबाली तथा सिजन विशेष स्थलगत तालिम र असल अभ्यासको अनुसरण समेत गर्ने प्रयोजनका लागि वजेटको ब्यबस्था गरेको छु ।

७०. कृषकलाई उत्पादनमा प्रोत्साहीत गर्न कृषि हाट बजार, कृषि  वडा न ९ मा रहेको पुरानो वडा कार्यालयमा एकीकृत कृषि सुचना केन्द्र स्थापना गर्न बजेटको व्यवस्था गरिएको छ ।

७१. अनुदानको रासायनिक मल वितरण कार्यलाई व्यवस्थित गर्न कृषकहरुको सुचिकरण र क्षेत्रफलका आधारमा मल उपलब्ध हुने सुचि सहितको सफ्टवेयर निर्माण र सोहि वमोजिम वितरणका साथै किसानसंग प्राविधिक रेडियो कृषि कार्यक्रम सञ्चालन , वालीपात्रो प्रकाश र सफ्टवेयर निर्माणका लागि रु ८ लाख बजेट विनियोजन गरिएको छ ।

७२. स्थानीय गाइलाई उत्पादनसंग जोड्न तथा प्रागारिक मल प्रयोगमा जोड दिन एकीकृत गरिएको गौशालामा कोरियन सरकारको सहयोगमा एकीकृत ग्रामीण विकास परियोजना मार्फत  प्रागारिक मल कारखाना स्थापना तथा सञ्चालन गरिनेछ ।

७३. पशुजन्य उत्पादनको बिक्रीवितरण तथा बजारीकरणमा सहयोग गर्न पशु बिक्री केन्द्र तथा दुग्ध विकास संस्थानको सहयोगमा दूग्ध सङ्कलन तथा चिस्यान केन्द्र सञ्चालन र दूग्धजन्य पदार्थको विविधिकरणका लागि आवश्यक समन्वय गर्ने गरी बजेटको व्यवस्था गरिएको छ ।

७४. जनावरहरुको टोकाईबाट हुने रेविज नियन्त्रया गर्न तथा वचावटको लागि समेत नियन्त्रण तथा निशुल्क खोपका लागि आवश्यक स्रोत ब्यवस्थापन गरिएको छ ।

७५. बन्यजन्तुको आक्रमणबाट हुने क्षति र सो को परिपुरणका लागि नागरिकलाई निश्चिन्त गराउन दिईदैं आएको राहतको कार्यलाई बिमासँग जोडी प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीतिगत ब्यवस्था सहित छोटो समयमा नै विमा भुक्तानी पाउने गरी संयन्त्र तयार तथा आवश्यक बजेट प्रस्ताव गरिएको छ ।

७६. पशु आहारा तथा पशु पोषण कार्यक्रमका लागि वर्षिम घांस विउ वितरण र गाइभैसी सुत्केरी पोषण कार्यक्रम सञ्चालन गर्न रु १४ लाख ५० हजार विनियोजन गरेको छु ।

७७. पशु तथा पन्छिको नियमित उपचार, औष्धि वितरण, आकस्मिक सरुवा रोग नियन्त्रण तथा खोप सेवा कार्यक्रम सञ्चालन गर्न १९ लाख ७० हजार विनियियोजन गरिएको छ ।

७८. पशुमा हुने बाँझोपनको निवारण तथा कृतिम गर्भाधान कार्यक्रम लगायत पशु प्रजनन तथा नश्ल सुधारका लागि र ३ लाख ५० हजार विनियोजन गरेको छु

७९. कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता परियोजना लागु गरी कृषि र पशुको व्यवसायिक उत्पादन र बजारीकरणको कार्यका लागि हेफ इन्टरनेशनल नेपालको साझेदारीमा गर्ने गरी रु १ करोड बजेट विनियोजन गरिएको छ ।

**उद्यम विकास, सहकारी तथा पर्यटन तथा रोजगारी**

८०. मिसन रोजगीमार्फत रोजगारी र उद्यमशीलता प्रवद्र्धन गर्न रु ५ लाख विनियोजन गरिएको छ। श्रम तथा रोजगार मेरो क्षमता मेरो योगदान भन्ने नारा सहित स्वयंसेवि कार्यगत अभ्यास ४० जना युवाका लागि ३ महिने paid internship कार्यक्रम सञ्चालन गर्न रु ४ लाख बजेट विनियोजन गरिएको छ।

८१. विपन्न श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन ५० प्रतिशत अनुदान तथा न्यूनतम पारिश्रमिक प्रदान गर्ने अभियान सञ्चालन गर्न रु ३ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

८२. बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई पुन एकीकरण कार्यक्रम सञ्चालन, पारिवारिक विखण्डन, न्यूनिकरण, विप्रेषण रकम सदुपयोग , वित्तिय साक्षता सञ्चालन लगायतका सामि कार्यक्रमसंग साझेदारीमा कार्यक्रम सञ्चालन गर्न रु ५ लाख बजेट विनियोजन गरिएको छ

८३. श्रम संसार पोर्टल, निजी क्षेत्रमा उपयोग सम्बन्धि जानकारी प्रदान गर्न, विदेशमा रहेका युवाहरुको ज्ञान, सिप अनुभव आदानप्रदान गर्न उद्यमशीलता भर्चुअल डाइलग कार्यक्रम सञ्चालन गर्न र रोजगार सम्बन्धि युवा अभिमुखीकरण कार्यक्रम सञ्चालन र ए. आई. साक्षरता बारे ११ र १२ का विद्यार्थीहरुलाई अभिमुखीकरण गर्न २ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

८४. श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम तथा रोजगार संवाद मञ्च मार्फत सरोकारवालासंग संवाद कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

८५. सहकारी क्षेत्रको नियमन, अनुगमन, क्षमता विकास तालिमहरु तथा सम्ममानका कार्यक्रम सञ्चालन गर्न रु ५ लाख बजेट विनियोजन गरिएको छ । सहकारी संस्थाहरु मर्फत लगानी गरी रोजगार सिर्जना गर्न सञ्चालित स्वरोजगार कोषलाई नियमितता दिईनेछ ।

८६. "हाम्रो सहभागिताः हाम्रै समुन्नति लागि" भन्ने नारा सहित कर तिर्नु मेरै लागि हो, करले रोजगार सृजना र आर्थिक वृद्धि गर्छ भन्ने भावना विकास गरी रहरले कर तिर्ने बानीको विकास गर्न उद्योग ब्यापार संघ समेतको सहभागितामा अभिमुखिकरण तालीम सञ्चालन गर्न आवश्यक वजेटको ब्यवस्था गरेको छु ।

८७. वजार क्षेत्रमा थप सिसि क्यामरा जडान गर्न र भएका क्यामराहरुको मर्मत सुधार गर्न भुरिगाउँ र ठाकुरद्धारामा रहेका वित्तिय संस्थाहरुको सहयोगमा आवश्यक कार्य गरिने छ ।

८८. हाम्रो दायित्व, हाम्रो समुन्नतिका लागि भन्ने नारा सहित उद्योग वाणिज्यसंघसंगको साझेदारिमा व्यवसाय दर्ता अभियान सञ्चालन गर्न र महिला उद्यमीहरु सृजना तथा सहयोग गर्न साना कृटिर व्यवसाय सञ्चालन गर्ने उद्यमीलाई ५० प्रतिशत लागत सहभागितामा यन्त्रउपकरण खरिद गर्न रु ३ लाख ३० हजार बजेट विनियोजन गरिएको छ ।

८९. पर्यटकीय नगरी ठाकुरबाबा भन्ने मूल नारा सहित पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार तथा प्रवद्र्धनका लागि सिमावर्ती शहरहरुमा अन्तरक्रिया, राष्टिय अन्तराष्टिय मार्टहरुमा सहभागिता तथा विभिन्न क्षेत्रमा प्रख्यात कन्टेन्ट क्रियटरहरुमार्फत प्रचारमूलक सूचना सामाग्री तयारी गर्न रु ९ लाख बजेट विनियोजन गरिएको छ ।

९०. बर्दियाका पहिचान झल्काउने चोक निर्माण , कलात्मक मार्गसूचक बोर्ड र समुदायको साझेदारिमा बरपिपलका बृक्षमा चौतारी निर्माण गर्न रु ११ लाख ५० हजार विनियोजन गरिएको छ ।

९१. विभिन्न मठ मन्दिरको संरक्षण, व्यवस्थापन, वडा नं २ र ८ मा शुरु गरिएको वनभोज स्थल व्यवस्थापन ,रेलवेलाइन संरक्षण तथा सफारी मार्ग मर्मतका लागि रु २५ लाख विनियोजन गरिएको छ ।

९२. काठ तथा ढुंगामा कलात्मक आकृति निर्माण गर्ने तालिम सञ्चालन गर्न रु ३ लाख ५० हजार विनियोजन गरिएको छ ।

**खानेपानी, सरसफाई, वन, वातावरण तथा विपद् व्यवस्थापन**

९३. **"उज्यालो शहरः मेरो गाउँघर"** कार्यक्रम सञ्चालन गर्न सार्वजनिक निजी साझेदारीमा १ मेघावाट शौर्य ऊर्जा उत्पादनका लागि रु २० लाख बजेट प्रस्ताव गरिएको छ ।

९४. **"ढकमक्क बाटोः हराभरा ठाकुरद्वारा"** भन्ने नारा सहित नगर हरियाली कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरिएको छ ।

९५. **"पहिलो गुहारः स्थानीय सरकार"** भन्ने नारा सहित विपद्को पूर्वकार्य, प्रतिकार्य र पुर्नस्थापना सम्बन्धि कार्यलाई प्रभावकारी बनाउन आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्थासहित विपद्बाट आम नागरिकको

सुरक्षा एवं राहत तथा वन्यजन्तुबाट हुने बालीनाली ,घरगोठ, पशुचौपाया, मानवीय क्षतीमा तत्काल राहत समेतका लागि विपद् व्यवस्थापन कोषमा रु.४० लाख विनियोजन गरेको छु ।

९६. विपद व्यवस्थापनमा खटिने जनशक्तिको क्षमता विकास, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा फायर एक्सटिंगगुसर जडान, स्थानीय आपतकालिन केन्द्र सञ्चालन र सुदृढीकरण तथा लुना जिपिएसको निरन्तर सञ्चालन र दमकल तथा शव बाहन सञ्चालनका लागि १३ लाख ५० हजार विनियोजन गरिएको छ ।

९७. **"सुरक्षित पानी, सवैको सरोकार सवैको जिम्मेवारी"** भन्ने नारासहित विद्यालय खानेपानी सुधार,सार्वजनिक स्थानमा खानेपानी व्यवस्थापन, विपन्नलाई खानेपानी धारा जडानमा अनुदान, खानेपानी संस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रम र खानेपानी गुणस्तर परिक्षण तथा वास तथ्यांक अपडेटका लागि रु १९ लाख विनियोजन गरिएको छ ।

९८. घट्दै गइरहेको पानीको सतहलाई रिजार्ज गर्न तथा कृषि र जैविक विविधता संरक्षणका लागि साझेदार संस्था र समुदायको सहभागितामा एकवडा एक पोखरी निर्माण कार्यक्रमको थालनी गर्न रु ५ लाख बजेट विनियोजन गरिएको छ

९९. सामुदायिक वन र स्थानीय सरकारबिच समन्वय र सहकार्यका लागि अन्तरक्रिया, समन्वय बैठक सञ्चालन, वृक्षारोपण , बन डढेलो सम्बन्धि कार्ययोजना निर्माण र स्थानीय जडिबुटीको अभिलेखिकरणका लागि रु ५ लाख विनियोजन गरिएको छ ।

१००. निर्माणाधीन खानेपानी आयोजनाहरुको निरन्तरता, खानेपानीको पाईपलाईन विस्तार तथा पुराना आयोजनाहरुको स्तर वृद्धि गर्न प्रदेश तथा सङ्घीय सरकारसँग आवश्यक समन्वय र सहकार्य समेत गरिनेछ । प्रदेश सरकारसँगको समन्यमा तपशिलका आयोजनाहरु सञ्चालन गरिने छ ।

१०१. नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसारबाट प्रत्यक्ष प्रभावित बस्ती तथा फोहरमैला व्यवस्थापनमा सहयोग गरिहेका वडाहरुमा पूर्वाधार विकास तथा सामाजिक विकासका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

१०२. प्रदेश सरकारसंगको समन्वयमा फोहरबाट मोहर कार्यक्रम अन्तर्गत फोहरमैला संकलन, वर्गीकरण, फोहरमैला प्रशोधन केन्द्रको पूर्वाधार निर्माण, मेसिन उपकरण खरिद, सञ्चालन व्यवस्थापनका लागि रु १ करोड १० लाख बजेट विनियोजन गरिएको छ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशाासनः**

१०३. पेपरलेस स्थानीय सरकार उन्मुख इलेक्ट्रोनिक अभिलेख व्यवस्थापन प्रणाली, पालिकाको इन्टरनेट सेवाको गुणस्तर वृद्धि, आफ्नै सर्भर र क्लाउड व्यवस्थापन, पालिकाबाट प्रदान गरिने सेवालाई सरल सहज बनाउन एकल सेवा विन्दु निर्माण तथा सञ्चालन, हेभि इक्युपमेन्टमा जिपिएस जडान लगायतका विभिन्न प्रकारका सेवा खरिदका लागि लगायतका कार्यगर्न रु ४४ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

१०४. गुणस्तरिय सेवा प्रवाहका लागि , सेवाकालिन तालिम , क्षमता विकास तालिम , नियमित सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, असल अभ्यास अनुसरण , सुचना प्रसारण लगायतका कार्यक्रमहरु सञ्चालन गर्न रु २५ लाख ५० हजार विनियोजन गरिएको छ ।

१०५. टोल विकास संस्थाको परिचालनका लागि रु ५ लाख बजेट विनियोजन गरिएको छ ।

१०६. न्यायिक समितिको सफ्टवेयर निर्माण छिटो छरितो न्याय सम्पादन र अभिलेखीकरण गर्न रु ४ लाख बजेट विनियोजन गरिएको छ ।

१०७. न्याय सम्पादनमा देखा परेका चुनौति र त्यसको प्रभावकारी कार्यान्वयन तथा पैरवीका लागि प्रदेशस्तरिय न्यायिक संवाद कार्यक्रम सञ्चालन गर्न रु ५ लाख सहित समग्र न्यायिक समिताको कामका लागि १८ लाख २१ हजार ६ सय बजेट विनियोजन गरिएको छ ।

## पूर्वाधार विकास

१०८. **"समुन्नत ठाकुरबाबाः सवल नगरवासी"** लक्ष्यलाई हासिल गर्न आर्थिक विकासको आधार ठूला तथा नमूना भौतिक पूर्वाधारहरुका योजना शुरुवात भएकाले ति योजनाहरु पूरा गर्न पूर्वाधर तर्फको बजेट प्रस्ताव गरिएको छ ।

१०९. संघिय सरकारको सहयोगमा ठाकुरबाबा १, ३, ४ र ९ मा ढल निकास तथा नाला निर्माणका लागि डिपिआर गरेका छौं । सार्बजनिक जग्गाहरु खेजि गरी अतिक्रमण हटाउने काम पनि निरन्तर रुपमा गरिरहेको छ

११०. लामो समयसम्म समस्याको रुपमा रहेको भूमि प्रशासन सम्वन्धि कार्यलाई समाधान गरी भूमिहिन दलित, भूमिहिन सुकुम्वासी, अव्यबस्थित बसोबासीको ब्यवस्थापन यसै आ.व.मा पुरा गर्न सकिने अवसर पनि हामीलाई प्राप्त हुने भएकोले यस तर्फ पनि रु ८ लाख वजेट लक्षित गरिएको छ ।

१११. यस सभाका अध्यक्ष तथा प्रमुख ज्यूको पहलबाट यस पालिकाकालागि विषेश महत्व र दुरगामी प्रभावका आयोजनाहरुमा संघीय सरकारबाट योजना तथा बजेट प्रस्ताव भएका छन । यसलाई कार्यान्वयन र ठेक्का प्रक्रियामा लैजान सबैको सहयोग र तत्परताको आवश्यकता छ ।अतः भौतिक पूर्वाधारको बजेट प्रस्ताव गर्दा संघीय बिषेश र समपुरक अनुदान, प्रदेश समपुर अनुदान, संघीय सरकार र प्रदेश सरकारबाट संबोधित भएका आयोजनाहरु प्रस्ताव भएका वडाहरुलाई सो बजेट समेत गणना गरी सबै वडामा समानता कायम गर्ने गरी योजना तथा बजेट प्रस्ताव गर्ने जमर्को गरिएको छ ।

११२. सङ्घीय तथा प्रदेश समपूरक योजना कार्यान्वयन गर्नका लागि दस करोड असी लाख र दायित्व सारिएका योजना तथा कार्यक्रमहरुको भुक्तानी दिनका लागि आठ करोड बजेट विनियोजन गरिएको छ।

११३. पूर्वाधारतर्फका नगरस्तरीय योजनाहरु कार्यान्वयन गर्नका लागि तीन करोड तीन लाख बजेट विनियोजन गरिएको छ।

| क्र. सं. | योजना तथा कार्यक्रम | बजेट |
|---|---|---|
| १ | सुतैयामा पुल निर्माण | १०००००० |

| | | |
|---|---|---|
| २ | काठे पुल विस्थापन तथा कल्भर्ट निर्माण कार्यक्रम | २०००००० |
| ३ | हुलाकी सडकदेखि बद्री कठायतको घर हुँदै हाट बजार जोड्ने सडक स्तरोन्नति | १०००००० |
| ४ | सार्वजनिक पूर्वाधार निर्माणका लागि साइट क्लियरेन्स, पोल तार र खानेपानी पाइप लाइन व्यवस्थापन लगायतका कार्यहरु | २०००००० |
| ५ | सार्वजनिक पूर्वाधारहरुको मर्मत सम्भार र उपकरण खरिद | २०००००० |
| ६ | वडा कार्यालयहरुको पर्खाल मर्मत सम्भार | १०००००० |
| ७ | सत्घरुवामा पुल निर्माण | ८००००० |
| ८ | सार्वजनिक जग्गाहरुको संरक्षण ठाकुरबाबा नगरपालिका | ५००००० |
| ९ | रामजानकी मार्ग स्तरोन्नति (नगर अस्पतालदेखि बसपार्क जोड्ने) | १०००००० |
| १० | खोदाउ रानीपुर सडकमा ट्रस पुल निर्माण | ५००००० |
| ११ | वडा नं. १ को सीमानादेखि सैनवार गाउँ हुँदै चेक पोस्ट जोड्ने सडक स्तरोन्नति | ५००००० |
| १२ | बाबनपुर पीपल चौतारादेखि वडा कार्यालय तथा हुलाकी राजमार्ग जोड्ने र विद्यालय जाने सडक निर्माण | ५००००० |
| १३ | रमेश थारुको घरदेखि चुरे क्याम्पस, सभा हल हुँदै रामदास मार्ग जोड्ने सडक निर्माण | ५००००० |
| १४ | जुडपानीदेखि हिमालय आ. वि. आउने सडक स्तरोन्नति तथा कल्भर्ट निर्माण | ५००००० |
| १५ | विभिन्न मठ मन्दिर, गुरुवा थान, चर्च, गुम्बा लगायतका पूर्वाधार मर्मत सम्भार तथा व्यवस्थापन (बाईजुराज मन्दिर र कृष्ण प्रणामी मन्दिर, ठाकुरद्वारा, गणेश मन्दिर, भुरिगाउँको अधुरो भवन आदि) | २०००००० |
| १६ | सुरक्षित तथा ऊर्जा प्रभावकारी आवास निर्माण कार्यक्रम | ५०००००० |
| १७ | नगरपालिकामा प्रशासनिक तथा आवासीय भवन निर्माण | १०००००० |
| १८ | भुड्कैया चोकदेखि वनभोजस्थल जाने सडक स्तरोन्नति | ५००००० |
| १९ | बगनाहा स्वास्थ्य चौकी पछाडिको झरनमा नाली निर्माण | ५००००० |
| २० | अधुरो सिँचाई कुलो लाइनिङ्ग निरन्तरता | ५००००० |
| २१ | एक वडा एक खुला व्यायामशाला कार्यक्रम | २०००००० |
| २२ | नदीजन्य पदार्थको उत्खनन हुने वडा लक्षित कार्यक्रम | २५००००० |
| २३ | शवदाह विश्रामस्थल निर्माण, ठाकुरबाबा ३ मानपुर | ५००००० |
| २४ | विभिन्न संघसंस्था तथा निकायहरुसँग साझेदारीमा कार्यक्रम सञ्चालन | ५००००० |
| २५ | ढोढरी नहरदेखि बबई नदी जाने बाटो र बीचपुर जाने बाटो स्तरोन्नति | ५००००० |
| २६ | कन्चरपुरदेखि शान्तिनगर टोल जाने सडक स्तरोन्नति | ५००००० |
| २७ | ठाकुरद्वारा-बानुगाउँ-शिवपुर सडकदेखि खौराहा जोड्ने सडक निर्माण | ५००००० |

११४. अब संघीय सरकारबाट र प्रदेश सरकारबाट प्रस्ताव गरिएका सशर्त, समपूरक तथा विशेष आयोजना र प्रस्तावित बजेट प्रस्ताव गर्न चाहन्छु ।

**<u>सङ्घीय सरकार समपूरक तथा विशेष अनुदानमार्फत सञ्चालन हुने योजनाहरुः</u>**

**१. सडक कालोपत्रे (राजमार्ग तथा अन्य मार्गसँग जोडिएका)** <u>रु. छ करोड सत्सठ्ठी लाख पचास हजार</u>

- भुरिगाउँदेखि डुम्रेनी हुँदै सैनवार जोड्ने सडक निर्माण क्रमागत <u>रु. एक करोड</u>
- ने.रा.मा.वि. देखि खुशलपटुवा हुँदै मधुवन सीमानासम्मको सडक निर्माण <u>रु. एक करोड</u>
- हुलाकी राजमार्गदिखि नेउलापुर जाने सडक निर्माण <u>रु. एक करोड</u>
- शाहीपुरदेखि चन्दनपुर घाट जाने सडक निर्माण क्रमागत <u>रु. एक करोड</u>
- मोतीपुर चेकपोस्टदेखि तुल्सीपुर-पीपल चौतारा-बचैया टोल-स्वास्थ्य चौकी हुँदै बकुवा चोकसम्मको सडक निर्माण <u>रु. एक करोड</u>
- मेन रोडदेखि जनक चौधरीको घर-दङ्गपुरुवा हुँदै कर्मला जाने सडक र शिवसुन्दर मा वि अगाडिको सडक निर्माण <u>रु. सतासी लाख पचास हजार</u>
- मढेला-गोब्रेला सडक निर्माण क्रमागत <u>रु. असी लाख</u>

**२. मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि पक्की पर्खाल निर्माण** <u>रु. चार करोड सतासी लाख पचास हजार</u>

**३. शीत भण्डार निर्माण** <u>रु. सात करोड छब्बीस लाख</u>

**४. बाल विकास केन्द्रको सुधार** <u>रु. उन्सत्तरी लाख</u>

**<u>सङ्घीय सरकार सशर्त अनुदानमार्फत सञ्चालन हुने पूर्वाधारतर्फका योजनाहरुः</u>**

१. बर्दिया जिल्ला ठाकुरबाबा ५ राधाकृष्ण मन्दिरमा पूर्वाधार निर्माण <u>रु. पच्चीस लाख</u>

२. बर्दिया जिल्ला ठाकुरबाबा नगरपालिका वडा नं ३ जुडपानी/गिदरपुर बस्ती विकास कार्यक्रम अन्तर्गत पूर्वाधार स्तरोन्नति कार्य<u>रु. पच्चीस लाख</u>

३. बर्दिया जिल्ला ठाकुरबाबा न.पा. वडा नं. ४ र ३ जोड्ने कालिका मार्ग सडक स्तरोन्नति कार्य <u>रु. चालीस लाख</u>

४. बर्दिया जिल्ला ठाकुरबाबा नपा वडा ४ मा सैनवार सामुदायिक भवन क्षेत्रमा पूर्वाधार निर्माण कार्य <u>रु. पच्चीस लाख</u>

५. बर्दिया जिल्ला ठाकुरबाबा न.पा. वडा नं. ४ वर्गदा गाउको दक्षिण नहर अन्तर्गत हात्तिसार बाट गन्धैया नाला सम्म पक्की नाला सहित रेलिङ्ग निर्माण कार्य <u>रु. पच्चीस लाख</u>

६. बर्दिया जिल्ला ठाकुरवावा नपा वडा नं. ४ मा वर्गदा गाउको पुरानो स्कुल देखी नया स्कुलसम्म वडघर टोलको सडक स्तरोन्नती कार्य <u>रु. पच्चीस लाख</u>

७. निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान <u>रु. पचपन्न लाख</u>

**<u>प्रदेश सरकार सशर्त, समपूरक तथा विशेष अनुदानमार्फत सञ्चालन हुने योजनाहरुः</u>**

**१. मेन रोडदेखि चिट्कैया चोक हुँदै टाईगर मार्ग जाने सडक नालासहित कालोपत्रे ठाकुरबाबा न. पा. ८, बर्दिया** <u>रु. पचहत्तर लाख</u>

२. **खल्ला रोड कालोपत्रे क्रमागत ठाकुरबाबा न. पा. ८ बर्दिया** रु. पच्चीस लाख

३. **उत्तर दुन्द्रा खोला तटबन्ध ठाकुरबाबा न. पा. २ सत्घरुवा बर्दिया** रु. दस लाख

४. **फोहरमैला व्यवस्थापनका लागि पूर्वाधार निर्माण** रु. २ करोड

५. **सडक सञ्जाल विकास कार्यक्रम** रु. एक करोड

दुई नं. वडा कार्यालयदेखि रानीपुर हुँदै कर्मला जोड्ने सडक निर्माण क्रमागत योजना कार्यान्वयन गरिने।

६. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कोषमार्फत **"दिगो विकास तथा हरित, अर्थतन्त्रको जिम्मेवारीः कृषिको रुपान्तरणमा, हामी सबैको साझेदारी"** परियोजनाको लागि एक करोड आठ लाख बजेट प्राप्त भएको।

११५. अब म सङ्घीय सरकार तथा प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा निकायबाट कार्यान्वयन हुने योजना, कार्यक्रम र बजेटको विवरण प्रस्तुत गर्दछु।

**सङ्घीय सरकारका विभिन्न निकायहरुबाट कार्यान्वयन हुने योजनाहरुः**

१. सघन सहरी विकास कार्यक्रम रु. एक करोड

२. पर्यटकीय शहर विकास कार्यक्रम रु. बीस लाख

३. सिंहवाहिनी हुँदै सत्घरुवा जोड्ने बाटो रु. तीन करोड

४. गोदाना र वडा नं. ८ जोड्ने ओरही खोला पुल निर्माण रु. तीन करोड

५. वडा नं. १ भुरिगाउँ भैंसहान मार्ग सडक निर्माण रु तीन करोड

६. कोहलपुर चिसापानी सडक अन्तर्गत फोरलेन सडक क्रमागत रु. तीन करोड

७. कालीगौडी पुल रु. चालीस लाख

**प्रदेश सरकार अन्तर्गत खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बर्दिया**

| क्र. सं. | योजना तथा कार्यक्रम | बजेट |
|---|---|---|
| १ | ठाकुरबाबा-३४ खा.पा.आ.ठाकुरबाबा न.पा. -३४ खा.पा.आ. बर्दिया | १० लाख |
| २ | बलाती खा.पा.यो. बर्दिया | १५ लाख |
| ३ | बर्गादा खा.पा.यो. बर्दिया | २० लाख |
| ४ | शाहिपुर खा.पा.यो. बर्दिया | १० लाख |
| ५ | शिवपुर ८ र ९ खानेपानी आयोजना ठाकुरबाबा न.पा.७ (विविध) | १० लाख |

**प्रदेश सरकारअन्तर्गत जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय बर्दिया**

| क्र. सं. | योजना तथा कार्यक्रम | बजेट |
|---|---|---|
| १ | अम्बासा सिचाई योजना ठाकुरबाबा २ | २० लाख |
| २ | सूर्यपटुवा सिचाई योजना बर्दिया | ७५ लाख |
| ३ | गिठेनाला सिचाई योजना ठाकुरबाबा | २० लाख |
| ४ | भुड्कैया मडेला मोहनपुर सिचाई प्रणाली ठाकुरबाबा ७ र ८ | १० लाख |
| ५ | बोक्सिखोला सिचाईको लागि ढोका ठाकुरबाबा ८ | ८ लाख |

| | | |
|---|---|---|
| ६ | कालिगौडी सियो अन्तर्गत ओरहि खोला बाँध देखि कालिगौडि सिमा सम्म पक्की लाईनिङ | ८ लाख |
| ७ | भुड्कैया पक्कि कुलो निर्माण ठाकुरबाबा ८ | १८ लाख |
| ८ | बलाति कुलोमा नहर निर्माण ठाकुरबाबा नपा २ लठुवा कुलो लाईनिङ निर्माण ठाकुरबाबा नपा ६ | ८ लाख |
| ९ | कालिगौडि सिचांई प्रणालि ठाकुरबाबा | १० लाख |
| १० | आम्बासा खोला तटबन्धन निर्माणकार्य ठाकुरबाबा २ सुजनपुर(अस्परि टोल) | २० लाख |
| ११ | बदबरुवा खोला तटबन्धन ठाकुरबाबा नपा १ खोदाउ बर्दिया | १० लाख |
| १२ | ईलाका प्रहरि कार्यालयको उत्तरपट्टि तटबन्धन ठाकुबाबा नपा २ रानिपुर दुन्द्रा खोला तटबन्धन ठाकुरबाबा २ तिनघरुवा ओराही खोला दक्षिणतर्फ तटबन्धन ठाकुरबाबा २ | ८ लाख |
| १३ | तलबेलवा खोला तटबन्धन ठाकुरबाबा १ बर्दिया | १० लाख |
| १४ | सुतैया कुलोमा तटबन्धन ठाकुरबाबा ८ बर्दिया | ८ लाख |
| १५ | बर्दिया इको लज अगाडि खौराहा खोलाको तटबन्धन ठाकुरबाबा-९ | १० लाख |
| १६ | अम्बासा सिचाई योजना ठाकुरबाबा २ | २० लाख |

## प्रदेश सरकारअन्तर्गत सडक पूर्वाधार विकास कार्यालय, गुलरिया बर्दिया

| क्र. सं. | योजना तथा कार्यक्रम | बजेट |
|---|---|---|
| १ | भुरिगाउ कंचनपुर हुदै नगर हस्पिटल जोड्ने सडक स्तरोन्नती | २० लाख |
| २ | तुलसीपुर गाउको सडक स्तरोन्नती ठाकुरबाबा ६ | २० लाख |
| ३ | निलगाई चोक देखि घुम्ना फाटा जाने सडक कालोपत्रे ठाकुरबाबा ५ गोविन्दपुर बर्दिया | ५० लाख |
| ४ | ठाकुरबाबा वडा नं. ७ मुक्तिपुर देखि दक्षिण जंगल तर्फ सुन्दरपुर सडक कालोपत्रे बर्दिया | २० लाख |
| ५ | ठाकुरबाबा २ सुजन्पुर बेसम्माफाटा जोड्ने अम्भासा खोलामा झोलुंगे पुल | ३० लाख |
| ६ | ठाकुरबाबा ३ तल्लो गोदनाबाट वडा नं. ९ बन्तारिया जोड्ने औराही खोला झोलुङ्गे पुल | १ करोड ५० लाख |
| ७ | ठाकुरबाबा ३ नेउलापुर शिब मन्दिर गोदना ठाकुरद्वारा जोड्ने सडक स्तरोन्नती | ३ करोड |
| ८ | बारबर्दिया कतर्निया धधवार गुलरा धामपुर शक्तिनगर जमुनिया खैलार घाट ठाकुरबाबा सडक स्तरोन्नति गर्ने कार्य | १४ करोड ८८ लाख |

## प्रदेश सरकारअन्तर्गत सडक पूर्वाधार विकास कार्यालय, गुलरिया बर्दिया

| क्र. सं. | योजना तथा कार्यक्रम | बजेट |
|---|---|---|
| १ | अधुरो बाइजुराज मन्दिर पर्यटकिय निर्माण ठाकुरबाबा ५ बर्दिया | १० लाख |
| २ | ठाकुरबाबा मन्दिर मर्मत तथा व्यबस्थापन ठाकुरबाबा ९ बर्दिया | २० लाख |
| ३ | बैजुराज मन्दिर निर्माण बन्कट्टि ठाकुरबाबा ५ बन्कट्टि बर्दिया | १० लाख |
| ४ | कालिका देवी मन्दिर निर्माण ठाकुरबाबा १ डुम्रेनि बर्दिया | १० लाख |
| ५ | कालिका देवी मन्दिर निर्माण ठाकुरबाबा ४,वावनपुर बर्दिया | १० लाख |

| | | |
|---|---|---|
| ६ | श्री कृष्ण प्रणामि मन्दिर बाध्यबादनको सामाग्रि खरिद ठाकुरबाबा १, भुरिगाउँ बर्दिया | ५ लाख |
| ७ | क्रिश्चियन आराधाना मण्डली भौतिक पुर्वाधर ठाकुरबाबा १, भुरिगाउ बर्दिया | १० लाख |
| ८ | दलित संग्राहलय पूर्वाधार निर्माण ठाकुरबाबा ६ बकुवा बर्दिया | ५ लाख |
| ९ | ठाकुरबाबा प्रज्ञा प्रतिष्ठान ठाकुरबाबा न.पा १ भुरिगाउ बर्दिया | ५ लाख |

## प्रदेश सरकारअन्तर्गत शहरी विकास तथा भवन कार्यालय, बाँके

| क. सं. | योजना तथा कार्यक्रम | बजेट |
|---|---|---|
| १ | बुधनगर टोल वस्ती विकास योजना ठाकुरबाबा १ डुम्रेनी बर्दिया | २० लाख |
| २ | ठाकुरद्वारा बजारमा सहरी पूर्वधार विकास ठाकुरबाबा ९ बर्दिया | १५ लाख |
| ३ | ठाकुरबाबा न.पा वडा न. ४ देखि बर्गदा देखि वडा न ३ मिरचौया जोड्ने कालिका मार्ग सहरी विकास बर्दिया | १० लाख |
| ४ | बम बहादुर खत्रिको गर देखि भिम बहादुर वलिको घरसम्म सहरी पूर्वाधार विकास कार्यक्रम ठाकुरबाबा ६ बर्दिया | २५ लाख |
| ५ | वर्गदवा मिर्चिया ३ सम्म कालिका मार्ग सहरी पूर्वाधार विकास ठाकुरबाबा ४ बर्दिया | ४० लाख |
| ६ | कृष्णनगर टोल सहरी पूर्वाधार विकास ठाकुरबाबा १ बर्दिया | १० लाख |
| ७ | साउद मिष्ठान भण्दारदेखि ज्येष्ठ नागरिक भवह हुदै डुम्रेनुसम्म सहरी पूर्वाधार विकास ठाकुरबाबा १ भुरिगाउ | ५० लाख |
| ८ | मुक्तिपुर देखि सुन्दरपुर हुदै वडा न ८ को सिमाना सम्म सहरी पूर्वाधार विकास ठाकुरबाबा ७ बर्दिया | ५० लाख |
| ९ | तुल्सिपुर चोक देखि गिठ्ठेनालासम्म सहरी पूर्वाधार विकास ठाकुरबाबा ६ बर्दिया | ५० लाख |
| १० | बलाती चोक देखि सहकारी हुदै खानेपानि टंकि सम्म सहरी पूर्वाधार विकास ठाकुरबाबा ७ बर्दिया | ५० लाख |

## प्रदेश सरकारअन्तर्गत सामाजिक विकास डिभिजन कार्यालय, बाँके

| क. सं. | योजना तथा कार्यक्रम | बजेट |
|---|---|---|
| १ | श्री ने रा मा वि ठाकुरद्वारा माटो पटान सहित कम्पाउन्ड वाल निर्माण ठाकुरबाबा ९ बर्दिया | ४० लाख |
| २ | श्री सरस्वति आ वि अधुरो पर्खाल निर्माण ठाकुरबाबा ३ नेउलापूर बर्दिया | ३० लाख |
| ३ | श्री बबई शिशु मन्दिर मा वि गेट सहित अधुरो पर्खाल निर्माण ठाकुरबाबा ४ बर्गदा बर्दिया | ३० लाख |
| ४ | श्री ज्ञानोदय प्रा वि ठा न पा २ सत्घरुवा अधुरो भवन निर्माण ठाकुरबाबा २ बर्दिया | २० लाख |
| ५ | श्री चुरे मा वि ठाकुरबाबा ३ बगनाह अधुरो पर्खाल र साईकल स्टयान्ड निर्माण ठाकुरबाबा ३ बर्दिया | १ करोड १० लाख |
| ६ | श्री दुर्गा जनज्योति प्रा .वि अधुरो भवन निर्माण ठाकुरबाबा २ बर्दिया | २५ लाख |
| ७ | श्री शिवसुन्दर माध्यमिक विधालय सुन्दरपुर अधुरो भवन निर्माण ठाकुरबाबा ७ बर्दिया | ६० लाख |

| | | |
|---|---|---|
| ८ | श्री जगदम्बा मा. वि. मढेला अधुरो भवन ठाकुरबाबा ८ बर्दिया | ६० लाख |
| ९ | श्री जनज्योति मा. वि. अधुरो भवन ठाकुरबाबा ६ बकुवा बर्दिया | ४० लाख |
| १० | श्री किसान मा. वि. अधुरो भवन ठाकुरबाबा ५ बनकट्टि बर्दिया | ४० लाख |
| ११ | श्री हिमालय आ वि मिर्चैया ICT ल्याव व्यवस्थापन ठा न पा ३ बर्दिया | २० लाख |
| १२ | श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय कर्मला अधुरो पर्खाल निर्माण ठा न पा २ बर्दिया | ४० लाख |
| १३ | श्री जनजागृति आधारभुत विद्यालय आम्बासा पर्खाल निर्माण ठा न पा २ बर्दिया | १५ लाख |
| १४ | श्री प्राथामिक विद्यालय कालिगौडि पर्खाल निर्माण ठाकुरबाबा ७ बर्दिया | २० लाख |
| १५ | श्री शारदा आधारभूत विद्यालय शाहिपूर भौतिक पूर्वाधार निर्माण ठाकुरबाबा ५ बर्दिया | २० लाख |
| १६ | श्री मालिका प्राथामिक विद्यालय गोदाना भौतिक पूर्वाधार निर्माण ठाकुरबाबा ३ बर्दिया | १० लाख |
| १७ | श्री नमुना माध्यामिक विद्यालय भुरिगाउँ माछा पोखरि तथा कुखुरा फर्म निर्माण ठाकुरबाबा १ बर्दिया | ४० लाख |
| १८ | श्री जनचाहना आ वि अधुरो भवन निर्माण ठाकुरबाबा १ डुम्रेनी | ४५ लाख |
| १९ | श्री चुरे क्याम्पस बगनाह मेघा हल निर्माण ठाकुरबाबा ३ बर्दिया | ५० लाख |
| २० | श्री मानुषा टिकासिहं थापा बहुमुखी क्याम्पस सिहवाहिनी भौतिक निर्माण ठाकुरबाबा १ बर्दिया | २० लाख |
| २१ | श्री जलेश्वर गुरुकुल वेद विद्या आश्रम बनकट्टि भवन निर्माण ठाकुरबाबा ५ बर्दिया | १० लाख |

११६. काठे पुलहरुलाई विस्थापन गर्दै जाने नीति अनुरुप प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने गरी आवश्यक बजेट प्रस्ताव गरिएको छ ।

११७. अत्यावश्यक देखिएका स्थानहरुमा प्राथमिताका आधारमा नाली निर्माण गर्न रु दस लाख बजेट प्रस्ताव गरेको छु ।

११८. आगामी आर्थिक वर्षमा यस नगरपालिकामा विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संघसंस्थाहरु मार्फत विभिन्न परियोजना तथा कार्यक्रम प्रस्ताव भएको छ । केही परियोजना तथा कार्यक्रमहरुको मात्र हालसम्म बजेट प्राप्त भएको हुँदा सबै संघसंस्थाहरुको बजेट तथा कार्यक्रम प्राप्त गरी रातो किताबमा समावेश गरी नगरपालिकाको प्राथमिकता प्राप्त क्षेत्रहरुमा कार्यान्वयन गरिनेछ ।

११९. राष्ट्रसेवकहरुको मनोबल बढाई सार्वजनिक सेवालाई प्रभावकारी बनाइनेछ । नगरपालिकाका सबै जनप्रतिनिधि तथा कार्यरत निजामती कर्मचारीहरुको रु. दस लाखको सामूहिक दुर्घटना बिमा र रु. एक लाखको स्वास्थ्य बिमाका लागि प्रिमियम बापतको रकम नगर सरकारले व्यहोर्ने व्यवस्था मिलाएको छु ।

१२०. करार सेवामा कार्यरत कर्मचारीहरुलाई उच्च मनोबल सहित प्रभावकारी सेवा प्रवाहका लागि प्रोत्साहित गर्न योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने नीतिगत ब्यवस्था सहित आवश्यक बजेट विनियोजन गरिएको छ ।

**अध्यक्ष महोदय,**

प्रस्तुत बजेट तथा कार्यक्रम तयारी प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नगरवासी, नगर प्रमुखज्यू, वडा अध्यक्षज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, नगर कार्यपालिकाका सदस्यज्यूहरु तथा उपस्थित कर्मचारीहरुमा धन्यवाद दिन चाहन्छु । बजेट, नीति तथा कार्यक्रम तर्जुमाका सिलसिलामा नगरस्तरीय राजनैतिक दलका प्रतिनिधिज्यूहरु, पदाधिकारीज्यूहरुको विकास प्रतिको एकता, संवेदनशीलता तथा क्षेत्रगत सूचनाको जानकारी, सहभागीता एवं पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो । बजेट, नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष सघाउ पुऱ्याउनु हुने सरकारी कार्यालय, गैर सरकारी संघसंस्था, नागरिक समाज, उद्योगी, व्यवसायी, बुद्धिजीवी, सञ्चारकर्मी, कर्मचारी साथीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । कुनै पनि योजनाको सफलता, सोको सफल कार्यान्वयनमा भर पर्ने भएकाले यसका लागि सबै राजनीतिक दल, नगर कार्यपालिकाका पदाधिकारी, नगर सभाका सदस्य, नागरिक समाज, सरकारी एवं गैर सरकारी संस्थाहरु, कर्मचारीवर्ग एवं आम नगरवासीको संयुक्त प्रयास आवश्यक छ । सदाझैं नगरवासी र सबै सरोकारवालाबाट सहयोग प्राप्त भइरहने आशा एवं विश्वास लिएकी छु ।

विना कुमारी भट्टराई

उपाध्यक्ष

नगर सभा, ठाकुरबाबा नगरपालिका

२०८२ आषाढ ९